कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

# थ्रीस्टार हाईड्रोपावर लिमिटेड

## THREE STAR HYDROPOWER LIMITED

रजिष्ट्रर कार्यालयः मध्यपुर ठिमी, न.पा. ३, भक्तपुर, नेपाल
फोन नं. : ०१-६६३५०८०
इमेल: sapsu2016@gmail.com, वेभ साइट : www.threestarhydro.com

को

# विवरण-पत्र

**(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अर्न्तगत प्रकाशित)**

यस कम्पनीले आफ्नो जारी पूँजी रु.४९,२५,००,०००/- (अक्षरेपी उनन्पचास करोड पच्चिस लाख मात्र) को २५ प्रतिशत अर्थात रु.१२,३१,२५,०००/-(अक्षरेपी बाह्र करोड एकत्तीस लाख पच्चीस हजार मात्र) रकम बराबरको रु.१००/- अंकित दरका १२,३१,२५० कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ। जस मध्ये जारी पूँजीको १० प्रतिशत अर्थात रु.४,९२,५०,०००/- (अक्षरेपी चार करोड बयानब्बे लाख पचास हजार मात्र) रकम बराबरको रु. १००/– अंकित दरका ४,९२,५०० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि निष्काशन गरी बाँडफाँड गरिएको तथा सर्वसाधारणलाई छुट्टाइएको जारी पूँजीको १५ प्रतिशत अर्थात ७,३८,७५,०००/- (अक्षरेपी सात करोड अठतीस लाख पचहत्तर हजार मात्र) रकम बराबरको रु.१००/– अंकित दरको ७,३८,७५० कित्ता साधारण शेयर मध्ये १० प्रतिशत अर्थात ७३,८७५ कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि, ५ प्रतिशत अर्थात ३६,९३८ कित्ता साधारण शेयर सामूहिक लगानी कोष र २ प्रतिशत अर्थात १४,७७५ कित्ता साधारण शेयर संगठित संस्थाका कर्मचारीहरुका लागि छुट्टाइएको शेयर बाँडफाँड पश्चात, बाँकी रहेको ६,१३,१६२ कित्ता साधारण शेयर सर्वसाधारणहरुको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही निष्काशन गरिनेछ।

दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु.१००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको।

**नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | वास्तविक | | | अपरिष्कृत | | प्रक्षेपित | |
|---|---|---|---|---|---|---|---|
| | आ.व २०७६/०७७ | आ.व २०७७/०७८ | आ.व २०७८/०७९ | आ.व २०७९/०८० पौष मसान्त | आ.व २०७९/०८० | आ.व २०८०/०८१ | आ.व २०८१/०८२ |
| प्रति शेयर आम्दानी (EPS) (रु.) | (०.४५) | (०.५७) | (१०.२२) | ७.४४ | ९.८८ | १२.१७ | १४.५१ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९५.६० | ९५.८८ | ८५.६५ | ९३.०९ | ९९.२२ | १११.३९ | १२५.९० |
| जगेडा कोष तथा संचित नाफा ( रु.हजारमा) | (१३,०९०) | (१५,२०९) | (५२,९९२) | (४५,८८३) | (३,८४९) | ५६,०८४ | १२७,५६२ |

**प्रति मेगावाट लागत सम्बन्धी विवरणः** संगठित संस्थाद्वारा प्रर्वधित भएको साप्सुप खोला जलविद्युत आयोजना ६.६ मे.वा. को डिटेल प्रोजेक्ट रिर्पोट अनुसार अनुमानित प्रति मेगावाट लागत रु.२१,०६,००,००० रहेको छ। निर्माण सम्पन्न भए पछि प्रति मेगावाट लागत थपघट हुन सक्नेछ।

**विद्युत उत्पादन अनुमतिपत्रको बाँकी अवधि सम्बन्धी विवरणः** यस जलविद्युत आयोजनाको अनुमतिपत्रको बहाल रहने अवधि मिति २०७४/०८/२९ देखि २१०९/०८/२८ गते अर्थात **३० वर्ष २ महिना** बाँकी रहेको छ।

**परियोजना लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी व्यवस्थाः** लगानी फिर्ता हुने अवधि (Pay Back Period) ६.२२ वर्ष र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि **(Discounted Pay Back Period)** ११.४३ वर्ष रहेको छ।

**जलविद्युत आयोजनाको कुल लागतः** साप्सुप खोला जलविद्युत आयोजना ६.६ मेगावाट को डिटेल प्रोजेक्ट रिर्पोट अनुसार अनुमानित कुल लागत रु. १,३९,००,००,००० रहेको छ। निर्माण सम्पन्न भए पछि प्रति मेगावाट लागत थपघट हुन सक्नेछ।

**लगानीमा हुने जोखीम सम्बन्धी उद्घोषणः**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सुचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरण पत्रको दफा ग.८., पृष्ठ नं. १७ र १८ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ।

**नियामक निकायको जवाफदेहिता नरहने उद्घोषणः**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ। यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानीने छैन।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरणः**

यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युर रेटिङ्ग गराउनुपर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट इस्युर रेटिङ्ग गराई मिति २०७९ श्रावण ३१ गते **"[ICRANP-IR] B– (Pronounced ICRANP Issuer Rating B Minus)"** प्रमाणपत्र प्राप्त गरेको छ। **"[ICRANP-IR] B-"** ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा उच्च जोखिम रहेको **(High Risk of Default Regarding Timely Servicing of Financial Obligations)** भन्ने जनाउंछ। ईक्रा नेपाल लिमिटेडले **[ICRANP -IR] AAA** देखि **[ICRANP-IR] D** सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड **[ICRANP -IR] AAA** ले **(Highest Degree of Safety Regarding Timely Servicing of Financial Obligation)** जनाउँछ भन्ने **[ICRANP-IR] D** ले **(Default or are Expected to be in Default Soon)** भन्ने जनाउँछ।

रेटिङ्ग प्रदान गरेको मिति : २०७९/०४/३१ (तदनुसार अगस्ट १६, २०२२ ) बहाल रहने अवधिः २०८०/०४/३० (तदनुसार अगस्ट १५, २०२३)

**नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्रमा स्वीकृति प्राप्त मितिः २०७९/१२/२१** **कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता मितिः २०७९/१२/२८**

**सर्वसाधारणहरुको लागि साधारण शेयर बिक्री खुल्ला अवधि :**

| | |
|---|---|
| **निष्काशन खुल्ला हुने मितिः** | **२०८०/०३/०५ गते** |
| **निष्काशन बन्द हुन मिति(छिटोमा):** | **२०८०/०३/०८ गते (बैंकिङ्ग समय पश्चात)** |
| **निष्काशन बन्द हुन मिति(ढिलोमा):** | **२०८०/०३/१९ गते (बैंकिङ्ग समय पश्चात)** |

**धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक**

हिमालयन क्यापिटल लि.
Himalayan Capital
A Wholly Owned Subsidiary of Himalayan Bank Limited

## हिमालयन क्यापिटल लिमिटेड

पो.व.नं. ४५१८, त्रिदेबीमार्ग, ठमेल, काठमाण्डौ, फोन नं. ०१-५५५८३४५/५३६३१४७
इमेल : info@himalayancapital.com, वेभ साईट: www.himalayancapital.com

**ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

क) **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्छ।

ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले हिमालयन क्यापिटल लिमिटेड लाई सम्झनु पर्दछ।

ग) **"कम्पनी वा संगठित संस्था"** भन्नाले निष्काशनकर्ता कम्पनी थ्रीस्टार हाइड्रोपावर लिमिटेडलाई सम्झनु पर्दछ।

घ) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनका लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ।

ङ) **"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्नका लागि तोकिएको बैंकलाई सम्झनु पर्दछ।

च) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत विकास विभाग, विद्युत नियमन आयोग तथा नेपाल विद्युत प्राधिकरणलाई सम्झनु पर्दछ।

छ) **"संस्थापक, संचालक, कार्यकारी प्रमुख, व्यबस्थापन तथा कर्मचारीहरु"** भन्नाले थ्रीस्टार हाइड्रोपावर लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख, व्यबस्थापन लगाएतका कर्मचारीहरुलाई सम्झनु पर्दछ।

ज) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ।

झ) **"स्थानीयवासी"** भन्नाले आयोजना प्रभावित क्षेत्र अर्थात खोटाङ जिल्लामा स्थायी बसोबास गर्ने नेपाली नागरिकलाई जनाउनेछ।

ञ) **"आयोजना प्रभावित क्षेत्र"** भन्नाले साप्सुप खोला साना जलविद्युत आयोजना निर्माण भएको खोटाङ जिल्ला, अन्तर्गतका हलेसी तुवाचुङ नगरपालीका, वडा नं १ देखि ११, (साविकको बाहुनीडाँडा, डिकुवा, च्याम्सिटार, बडहरे, दुर्छिम, मंगलटार, महादेवस्थान, धितुङ, सल्ले, अर्खले र राजापानी गा.वि.स) र दिप्रुङ चुईचुम्मा गाउँपालिका, वडा नं. १ देखि ७ (साविकको याम्खा, डाडागाँउ, छोरम्बु, बतासे, सचिता पोखरी, छिता पोखरी र टेम्मा गा.वि.स) हरुलाई जनाउँदछ।

ट) **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखासंग सम्बन्धित टिप्पणीहरु समेत जानउँदछ।

ठ) **"धितोपत्र प्रत्याभूतिकर्ता"** भन्नाले धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ख) बमोजिमको धितोपत्र प्रत्याभूति (अन्डरराइटिङ्ग) को कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं लाई सम्झनु पर्दछ।

ड) **"आस्बा सदस्य"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्थाहरुलाई सम्झनु पर्दछ।

ढ) **"प्रति शेयर आम्दानी"** भन्नाले कम्पनीको वार्षिक आम्दानीलाई जारी पूँजीले भाग गर्दा हुन आउने आम्दानीलाई जनाउँदछ।

ण) **"प्रतिशेयर नेटवर्थ"** भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पुंजी, शेयर प्रिमियम तथा जगेडा कोष लगाएतका संचितकोष को कुल जोडलाई जम्मा साधारण शेयर संख्याले भाग गर्दा आउने भागफल सम्झनु पर्दछ।

त) **"वैदेशिक रोजगारीमा रहेका नेपाली"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरु जनाउँछ।

थ) **"विप्रेषण (रेमिटयान्स्) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरिद संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटयान्स्) बचत खाता सम्झनुपर्छ।

**ख.२. विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :**

**क) विवरणपत्र प्राप्त गर्ने स्थानहरु :**

| सि.नं. | कम्पनीको नाम र ठेगाना | वेभ साईट |
|---|---|---|
| १. | श्री हिमालयन क्यापिटल लिमिटेड, त्रिदेवी मार्ग, ठमेल, काठमाण्डौ। | www.himalayancapital.com |
| २. | थ्रीस्टार हाईड्रोपावर लिमिटेड, मध्यपुर ठिमी न.पा.३, भक्तपुर। | www.threestarhydro.com |

साथै नेपाल धितोपत्र बोर्डको वेभ साईटः www.sebon.gov.np बाट समेत यस निष्काशनको स्वीकृत विवरणपत्र हेर्न सकिने छ।

**आयोजना प्रभावित क्षेत्रका लागि दरखास्त फारम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

स्थानीय बासिन्दाहरुको लागि निष्काशन तथा बिक्री खुल्ला गरिदा निम्नानुसारका संकलन केन्द्रहरुबाट दरखास्त फारम प्राप्त गर्न सकिने र दरखास्त बुझाउन सकिने ब्यवस्था मिलाइएको छ।

| क्र.सं. | संकलन केन्द्रको नाम र ठेगानाः |
|---|---|
| १. | सानिमा बैंक लिमिटेड, द्रिप्रुङ शाखा, खोटाङ। |
| २. | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, दिक्तेल शाखा, खोटाङ। |
| ३. | ग्लोबल आइएमई बैंक लिमिटेड, खोटाङ शाखा, खोटाङ (साविक बैंक अफ काठमाण्डू लिमिटेड)। |
| ४. | ज्योति विकास बैंक लिमिटेड, दिक्तेल शाखा, खोटाङ। |
| ५. | ग्लोबल आइएमई बैंक लिमिटेड, खोटाङ शाखा, खोटाङ। |
| ६. | प्रभु बैंक लिमिटेड, हलेसी शाखा, खोटाङ। (साविक सेञ्चुरी कमर्सियल बैंक लिमिटेड)। |
| ७. | थ्रीस्टार हाइड्रोपावर लि.को आयोजना स्थलको कार्यालय (Site office) खोटाङ जिल्ला हलेसी तुवाचुङ न.पा.वडा नं. ११। |

आवश्यकता अनुसार स्वीकृति लिई अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ। साथै नेपाल धितोपत्र बोर्डको मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानीयबासीहरुले एच्छिक रुपमा आस्वा (ASBA) प्रणाली मार्फत आवेदन दिन सक्ने छन्।

**दस्खास्त फारम प्रति रु.२/- (दुई रुपैया) प्रति दस्खास्त शुल्क बुझाउनु पर्नेछ।**

**सर्वसाधारणको लागि दस्खास्त फाराम प्राप्त गर्ने र शुल्क बुझाउने स्थानहरु ः**

नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सी-आस्वा (C–ASBA) प्रणाली मार्फत आवेदन दिन सक्नेछ।

**ग.१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण ः**

हामीलाई थ्रीस्टार हाईड्रोपावर लिमिटेड तथा यसका संस्थापक/सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ‘‘धितोपत्र सम्बन्धी ऐन, २०६३’’ तथा ‘‘धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३’’ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

**ग.२. संगठित संस्थाको उद्घोषण ः**

**ग.२.क. संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण ः**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरूका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरूको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरू व्यक्तिगत वा सामूहिक रूपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरूको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरू सबै पालना गरेका छौं र लगानीकर्ताहरूलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाएका छैनौं ।

**ग.२.ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण ः**

यस थ्रीस्टार हाइड्रोपावर लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक संगठित संस्थाको वारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग. नियमन निकायको नियमन ब्यबस्थाको पालना सम्बन्धी उद्घोषण ः**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवा सँग सम्बन्धित नियमन निकाय (जस्तैःकम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, विद्युत नियमन आयोग आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरू नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । साथै कम्पनी रजिष्ट्रारको कार्यालयमा आ.व.२०७७/७८ सम्मको विवरणहरु पेश गरीएको हुनाले कम्पनी अद्यावधिक रहेको व्यहोरा उक्त कार्यालयको मिति २०७८/१२/२५ को निर्णयानुसार आ.व.२०७७/७८ सम्मको लागि अद्यावधिक गरिएको छ।

**ग.२.घ. संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण ः**

१. यस संगठित संस्थाको संस्थापक, संचालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

२. यस संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

३. सार्वजनिक निष्काशन मार्फत् सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरूको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

४. धितोपत्र सम्बन्धी कानुन विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

५. यस संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०८ बमोजिम संचालक वा कार्यकारी अयोग्य रहेका छैनन् ।

**ग.३. संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.क. संगठित संस्थाको पृष्ठभूमि :**

**(क) संस्थाको नाम :** थ्रीस्टार हाइड्रोपावर लिमिटेड - (Three Star Hydropower Limited)

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा** : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

(**ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय भक्तपुर जिल्ला, मध्यपुर ठिमी, न.पा. वडा.नं -०३, चारदोवाटो, साझा पेट्रोल पम्प सँगै रहेको छ ।

**(घ) कारोवार गर्ने मुख्य स्थान :** यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय मध्यपुर ठिमी, न.पा., वडा.नं-०३, चारदोबाटो, भक्तपुर र आयोजना स्थलको कार्यालय खोटाङ जिल्ला, हलेसी, तुवाचुङ, न.पा., वडा नं. - ११ मा रहेको छ । सम्बन्धित निकायबाट स्वीकृति लिई नेपालका अन्य स्थानहरुमा आयोजना निर्माण गर्ने क्रममा कार्यालयहरु खोल्न सक्नेछ ।

**(ङ) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :**

कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छः

(१) नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन र विस्तृत इन्जिनियरिङ्ग अध्यन गरि निर्माण र संचालन गर्ने हेतुले थ्रीस्टार हाइड्रोपावर लिमिटेड प्रचलित कानून बमोजिम २०७२ साल मंसिर ०६ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०७४ साल भाद्र ११ गते देखि पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कम्पनी ऐन, २०६३ र विद्युत ऐन, २०४९ अन्तर्गत कारोबार गर्दै आईरहेको छ ।

(२) कम्पनीमा हाल ६४ जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत/उर्जा क्षेत्र, सामाजिक कार्य/बैदेशिक रोजगार एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समय देखि दख्खल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

(३) कम्पनीले साप्सुप खोला साना जलविद्युत आयोजना निर्माण, उत्पादन तथा संचालन गर्न विद्युत उत्पादनको अनुमति पत्र नेपाल सरकार उर्जा मन्त्रालय (तत्कालीन जलस्रोत मन्त्रालय) बाट मिति २०७४/०८/२९ गते प्राप्त गरेको हो र उक्त अनुमतिपत्र बहाल रहने अवधि २१०९/०८/२८ सम्म रहने छ ।

(४) यस कम्पनीबाट उत्पादन गरिएको सवै विद्युत शक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मन्जुर गरी कम्पनी र नेपाल विद्युत प्राधिकरण विच मिति २०७५ साल आषाढ २५ गते विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भएको छ ।

(५) कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको २५ प्रतिशत शेयर सर्वसाधरणको लागि छुटाईको छ जस मध्ये १० प्रतिशत उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुलाई र जारी पूँजीको १५ प्रतिशत शेयर सर्वसाधारण (सामूहिक लगानी कोष र कर्मचारीहरु समेत) शेयरधनीहरुको लागि छुट्याई बाँडफाँट गर्ने व्यवस्था रहेको छ ।

(६) यस कम्पनीले साप्सुप खोलाको पानीबाट ६.६ मेगावाट जलविद्युत आयोजना सफलतापूर्वक निर्माण कार्य सम्पन्न भइसकेको छ । यो प्रस्ताव तयार गर्दा बखत सम्म आयोजनाको साइटको भौतिक कार्य सम्पन्न भएतापनि स्वतन्त्र प्राविधिक परामर्शदाता र वित्तिय परामर्शदाताबाट प्रमाणित हुन बाँकी रहेको छ र मिति २०७८ पौष २३ गते वाट व्यापारिक उत्पादन गरिरहेको छ । यस आयोजनाको अनुमानित कुल लागत रु.१,३९,००,००,००० रहेको र प्रति मेगावाट लागत रु.२१,०६,००,००० रहेको छ ।

(७) यस कम्पनीले विद्युत नियम आयोग को पूर्व सहमति प्रदानको बुँदा नम्बर ४ अन्तरगत विद्युत खरिद विक्री सम्भौता अनुरुपको सुख्खा याम (Dry Season) तथा वर्षायाम (Wet Season) को उर्जाको परिणाम सहितको मासिक करार उर्जा (कन्ट्रयाक्ट इनर्जी) र चालु आर्थिक वर्षको वास्तविक मासिक विक्री उर्जा र आय सम्बन्धी विवरण निम्नानुसार रहेको छ।

| क्र.म | महिना | मासिक करार ऊजा ( कन्ट्रयाक्ट इनजी) | दिनहरु | | वास्तविक दिन अनुसार | | उर्जा उत्पादन | | टीएल लाइनमा हानी | खुद उर्जा उत्पादन | दर | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिनामा दिनहरु | संचालन दिन | प्रति दिन | महिना | जम्मा | प्रतिशत | | | | | |
| १ | पौष र माघ- २०७८ | २,४०९,२६० | ६० | ३० | ४०,१५१ | १,२०४,६३० | १,२०१,९४० | ९९.७८ | ३६,७७९ | १,१६५,१६१ | ८.४० | ९,७८७,३४९ | सुख्खा याम |
| २ | फागुन-२०७८ | ८६६,०१० | २९ | १९ | २९,८६२ | ५६७,३८६ | ४१५,१८० | ७३.१७ | १२,७०५ | ४०२,४७५ | ८.४० | ३,३८०,७९४ | सुख्खा याम |
| ३ | चैत-२०७८ | ८४९,७९१ | ३० | १९ | २८,३२६ | ५३८,२०१ | ५२०,५८० | ९६.७३ | १५,९३० | ५०४,६५० | ८.४० | ४,२३९,०६२ | सुख्खा याम |
| ४ | वैशाख-२०७९ | १,६९९,९१६ | ३१ | २६ | ५४,८३६ | १,४२५,७३६ | ७३१,०६० | ५१.२८ | २२,३७० | ७०८,६९० | ८.४० | ५,९५२,९९२ | सुख्खा याम |
| ५ | जेठ २०७९, १५ गते सम्म | १,९६३,७७० | १५ | १३ | १३०,९१८ | १,७०१,९३४ | ५६६,०२० | ३३.२६ | १७,३२० | ५४८,७०० | ८.४० | ४,६०९,०७८ | सुख्खा याम |
| | जेठ २०७९, १६ गते देखि ३१ गते सम्म | २,३९३,८२९ | १६ | १२ | १४९,६१४ | १,७९५,३७२ | ६७१,८७० | ३७.४२ | २०,५५९ | ६५१,३११ | ४.८० | ३,१२६,२९२ | वर्षा याम सुरुवात |
| ६ | आषढ-२०७९ | ४,७८७,८५८ | ३२ | २९ | १४९,६२१ | ३,००८,९९६ | २,६८४,८१० | ६१.८८ | ८२,१५५ | २,६०२,६५५ | ४.८० | १२,४९२,७४३ | वर्षा याम |
| ७ | श्रावण-२०७९ | ४,६३८,२३७ | ३१ | २८ | १४९,६२१ | ४,१८९,३७५ | ३,३००,२७० | ७८.७८ | १००,९८८ | ३१,२९९,२८२ | ४.८० | १५,३५६,५५२ | वर्षा याम |
| ८ | भाद्र-२०७९ | ४,६३८,२३७ | ३१ | ३१ | १४९,६२१ | ४,६३८,२३७ | ४,०११,८८० | ८६.५० | १२२,७६४ | ३,८८९,११६ | ४.८० | १८,६६७,७५९ | वर्षा याम |
| ९ | असोज-२०७९ | ४,६३८,२३७ | ३१ | ३१ | १४९,६२१ | ४,६३८,२३७ | ४५९,८६५० | ९९.१५ | १४०,७१९ | ४,४५७,९३१ | ४.८० | २१,३९८,०७० | वर्षा याम |
| १० | कार्तिक-२०७९ | ४,४८८,६१७ | ३० | २८ | १४९,६२१ | ४,१८९,३७६ | ३,२०२,९५० | ७६.४५ | ९८,०१० | ३,१०४,९४० | ४.८० | १४,९०३,७११ | वर्षा याम |
| ११ | मंसिर २०७९,१५ गते सम्म | १,३९७,०९९ | १४.५० | १४.५० | ९६,३५२ | १,३९७,०९९ | ९६१,२५० | ६८.८० | २९,४१४ | ९३१,८३६ | ४.८० | ४,४७२,८१२ | वर्षा याम |
| | मंसिर २०७९, १६ गते देखि ३१ गते सम्म | १,०४२,१२३ | १४.५० | १४.५० | ७१,८७१ | १,०४२,१२३ | ७०४,८३० | ६७.६३ | २१,५६८ | ६८३,२६२ | ८.४० | ५,७३९,४०२ | सुख्खा याम |
| १२ | पौष-२०७९-ROR | ८५८,१५२ | ३० | ३० | २८,६०५ | ८५८,१५२ | ६५७,७४० | ७६.६५ | २०,१२७ | ६३७,६१३ | ८.४० | ५,३५५,१५१ | सुख्खा याम |
| | पौष-२०८०-PROR | ५६१,०७७ | ३० | २४ | १८,७०३ | ४४८,८६२ | ४२२,००० | ९४.०२ | १२,९१३ | ४०९,०८७ | ८.८० | ३,५९९,९६४ | सुख्खा याम |
| | जम्मा | ३७,२३२,२१३ | ४२५ | ३४९ | १,३९७,३४४ | ३२,९७३,७१६ | २४,६५१,०३० | - | ७५४,३२२ | २३,८९६,७०८ | १०१ | १३३,०८२,५३२ | |

(८) आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ।

| | | |
|---|---|---|
| **आयोजना स्थल** | : | खोटाङ जिल्ला, तुवाचुङ, न.पा, वडा नं-११, र दिप्रुङ चुईचुम्मा गा.पा, वडा नं-१,२,३। |
| **श्रोत नदी** | : | साप्सुप खोला |
| **आयोजनाको किसिम** | : | पिकिङ्ग रन अफ रिभर |
| **डिजाइन डिस्चार्ज** | : | ७.६ cum. प्रति सेकेण्ड |
| **उत्पादन हुने इनर्जी** | : | ३९,१६०.८४३ गिगावाट घण्टा विद्युतशक्ति |
| **आयोजनाको उत्पादन क्षमता** | : | ६.६ मेगावाट |
| **ग्रस हेड** | : | १०७ मिटर |
| **डाइभर्सन बाँध** | : | २५ मिटर.लम्बाई |
| **डिस्यान्डीङ्ग वेसिन** | : | ७५ मिटर लम्बाई,७ मिटर उचाई र ३.५ मिटर चौंडाइ |
| **हेडरेस पाईपलाईन** | : | ४०९६ मिटर |
| **सतही पेनस्टक** | : | १३७.७ मिटर |
| **सतही पावरहाउस** | : | ३०.५ मिटरलम्बाई, १०.६ चौंडाई र ११.४ मिटर उचाई |
| **टर्वाइन** | : | फ्रान्सीस २ Unit, ६.६ मेगावाट |
| **जेनेरेटर** | : | भोल्टेज ६.६ केभि, फ्रिक्वीन्सी ५० Hz (2 unit) |
| **व्यापारिक उत्पादन शुरु मिति** | : | २०७८ पौष २३ गते बाट। |
| **आयोजनाको हालको अनुमानित लागत** | : | १,३९,००,००,०००/- |

<u>कम्पनीको वित्तिय परिसुचकः</u>

| | | |
|---|---|---|
| **आयोजनाको लागत निर्माण अवधिको ब्याज बाहेक** | : | रु. १,२९,४६,००,०००/- |
| **आयोजनाको लागत निर्माण अवधिको ब्याज सहित** | : | रु. १,३९,००,००,०००/- |
| **आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Pay Back Period)** | : | ६.२२ वर्ष |
| **आयोजनाको डिष्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discount Pay Back Period)** | : | ११.४३ वर्ष |
| **Net Present Value (NPV)** | : | २९२,२६३/- |
| **Internal Rate of Return of Project (IRR)** | : | १४.९५% |

Net Present Value (NPV) तथा Internal Rate of Return (IRR) गणना गर्दा Cash Flow Basis विधिअनुरुप गणना गरिएकोः

पूँजीको लागत ( **Cost of Capital** ) :**११.५०%**

**रु.हजारमा**

| बर्ष | आम्दानी | संचालन र व्यवस्थापन लागत | रोयल्टी | शूल्क | ह्रासकट्टी तथा परिशोधन | कर अधिको नाफा | कर ०%, १०%, २०% | कर पछिको नाफा | नगद प्रवाह |
|---|---|---|---|---|---|---|---|---|---|
| - | | | | | | | | | - |
| | | | | | | | | | (५५६,०००) |
| | | | | | | | | | (८३४,०००) |
| १ | २३५,१६३ | २१,६५० | ५,३६३ | १,३२८ | ४६,३३३ | १६०,४८८ | - | १६०,४८८ | २०६,८२१ |
| २ | २४२,२१८ | २२,३०० | ५,५०४ | १,२९४ | ४६,३३३ | १६६,७८६ | - | १६६,७८६ | २१३,१२० |
| ३ | २४९,२७३ | २२,९६८ | ५,६४५ | १,२३३ | ४६,३३३ | १७३,०९२ | - | १७३,०९२ | २१९,४२५ |
| ४ | २५६,३२८ | २३,६५८ | ५,७८७ | १,१७२ | ४६,३३३ | १७९,३७८ | - | १७९,३७८ | २२५,७११ |
| ५ | २६३,३८२ | २४,३६७ | ५,९२८ | १,०९८ | ४७,०२९ | १८४,९६१ | - | १८४,९६१ | २३१,९९० |
| ६ | २७०,४३७ | २५,०९८ | ६,०६९ | १,००३ | ४७,०२९ | १९१,२३८ | - | १९१,२३८ | २३८,२६७ |
| ७ | २७७,४९२ | २५,८५१ | ६,२१० | ८८८ | ४७,०२९ | १९७,५१४ | - | १९७,५१४ | २४४,५४३ |

| बर्ष | आम्दानी | संचालन र व्यवस्थापन लागत | रोयल्टी | शूल्क | ह्रासकट्टी तथा परिशोधन | कर अधिको नाफा | कर ०%, १०%, २०% | कर पछिको नाफा | नगद प्रवाह |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | २८४,५४७ | २६,६२७ | ६,३५१ | ७५२ | ४७,०२९ | २०३,७८८ | - | २०३,७८८ | २५०,८१७ |
| ९ | २९१,६०२ | २७,४२६ | ६,४९२ | ५९६ | ४७,०२९ | २१०,०५९ | - | २१०,०५९ | २५७,०८८ |
| १० | २९१,६०२ | २८,२४८ | ६,४९२ | ४२० | ४७,५५१ | २०८,८९० | - | २०८,८९० | २५६,४४१ |
| ११ | २९१,६०२ | २९,०९६ | ६,४९२ | २१० | ४७,५५१ | २०८,२५३ | २०,८२५ | १८७,४२८ | २३४,९७९ |
| १२ | २९१,६०२ | २९,०९६ | ६,४९२ | - | ४७,५५१ | २०७,५९० | २०,७५९ | १८६,८३१ | २३४,३८२ |
| १३ | २९१,६०२ | २९,९६९ | ६,४९२ | | ४७,५५१ | २०६,६९१ | २०,६६९ | १८६,०२२ | २३३,५७३ |
| १४ | २९१,६०२ | ३०,८६८ | ६,४९२ | | ४७,५५१ | २०५,७६५ | २०,५७७ | १८५,१८९ | २३२,७४० |
| १५ | २९१,६०२ | ३१,७९४ | ६,४९२ | | ४८,२४७ | २०४,११५ | २०,४१२ | १८३,७०४ | २३१,९५१ |
| १६ | २९१,६०२ | ३२,७४८ | ३५,७६० | | ४८,२४७ | १७३,८६५ | ३४,७७३ | १३९,०९२ | १८७,३३९ |
| १७ | २९१,६०२ | ३३,७३० | ३५,७६० | | ४८,२४७ | १७२,८५३ | ३४,५७१ | १३८,२८२ | १८६,५२९ |
| १८ | २९१,६०२ | ३४,७४२ | ३५,७६० | | ४८,२४७ | १७१,८११ | ३४,३६२ | १३७,४४९ | १८५,६९५ |
| १९ | २९१,६०२ | ३५,७८४ | ३५,७६० | | ४८,२४७ | १७०,७३७ | ३४,१७४ | १३६,५९० | १८४,८३७ |
| २० | २९१,६०२ | ३६,८६८ | ३५,७६० | | ४९,२९१ | १६८,५८८ | ३३,७१८ | १३४,८७० | १८४,१६१ |
| २१ | २९१,६०२ | ३७,९६३ | ३५,७६० | | ४९,२९१ | १६७,४४९ | ३३,४९० | १३३,९५९ | १८३,२५० |
| २२ | २९१,६०२ | ३९,१०२ | ३५,७६० | | ४९,२९१ | १६६,२७६ | ३३,२५५ | १३३,०२० | १८२,३११ |
| २३ | २९१,६०२ | ४०,२७५ | ३५,७६० | | ४९,२९१ | १६५,०६७ | ३३,०१३ | १३२,०५४ | १८१,३४५ |
| २४ | २९१,६०२ | ४१,४८४ | ३५,७६० | | ४९,२९१ | १६३,८२३ | ३२,७६५ | १३१,०५८ | १८०,३४९ |
| २५ | २९१,६०२ | ४२,७२८ | ३५,७६० | | ५१,३७८ | १६०,४५३ | ३२,०९१ | १२८,३६३ | १७९,७४१ |
| २६ | २९१,६०२ | ४४,०१० | ३५,७६० | | ५१,३७८ | १५९,१३३ | ३१,८२७ | १२७,३०६ | १७८,६८५ |
| २७ | २९१,६०२ | ४५,३३० | ३५,७६० | | ५१,३७८ | १५७,७७३ | ३१,५५५ | १२६,२१९ | १७७,५९७ |
| २८ | २९१,६०२ | ४६,६९० | ३५,७६० | | ५१,३७८ | १५६,३७२ | ३१,२७४ | १२५,०९८ | १७६,४७६ |
| २९ | २९१,६०२ | ४८,५३४ | ३५,७६० | | ५१,३७८ | १५४,९३० | ३०,९८६ | १२३,९४४ | १७५,३२२ |
| ३० | २९१,६०२ | ५१,०२० | ३५,७६० | | ३९,३७५ | १६५,४४८ | ३३,०९० | १३२,३५८ | १७१,७३३ |

| | |
|---|---|
| Net Present Value (NPV); | २९२,२६३ |
| Internal Rate of Return : | १४.९५% |
| B/C Ratio/ profitability index ; | १.४३ |

**लगानी फिर्ता हुने अवधिको गणना** (**Payback Period Calculation**)

पूँजीको लागत (**Cost of Capital**) :**११.५०%**

**रु.हजारमा**

| बर्ष | नगद | कम्युलेटिभ नगद | डिस्काउन्ट फ्याक्टर | डिस्काउन्टेड | कम्युलेटिभ डिस्काउन्टेड नगद प्रवाह |
|---|---|---|---|---|---|
| - | - | - | १.००० | - | - |
| - | (५५६,०००) | (५५६,०००) | १.००० | (५५६,०००) | (५५६,०००) |
| - | (८३४,०००) | (१,३९०,०००) | १.००० | (८३४,०००) | (१,३९०,०००) |
| १ | २०६,८२१ | (१,१८३,१७९) | ०.८९२९ | १८४,६६२ | (१,२०५,३३८) |
| २ | २१३,१२० | (९७०,०५९) | ०.७९७२ | १६९,८९८ | (१,०३५,४४०) |
| ३ | २१९,४२५ | (७५०,६३३) | ०.७११८ | १५६,१८३ | (८७९,२५८) |
| ४ | २२५,७११ | (५२४,९२२) | ०.६३५५ | १४३,४४४ | (७३५,८१४) |
| ५ | २३१,९९० | (२९२,९३३) | ०.५६७४ | १३१,६३७ | (६०४,१७७) |

| बर्ष | नगद | कम्युलेटिभ नगद | डिस्काउन्ट फ्याक्टर | डिस्काउन्टेड | कम्युलेटिभ डिस्काउन्टेड नगद प्रवाह |
|---|---|---|---|---|---|
| ६ | २३८,२६७ | (५४,६६५) | ०.५०६६ | १२०,७१४ | (४८३,४६३) |
| ७ | २४४,५४३ | १८९,८७८ | ०.४५२३ | ११०,६१९ | (३७२,८४४) |
| ८ | २५०,८१७ | ४४०,६९५ | ०.४०३९ | १०१,३०१ | (२७१,५४३) |
| ९ | २५७,०८८ | ६९७,७८४ | ०.३६०६ | ९२,७०९ | (१७८,८३५) |
| १० | २५६,४४१ | ९५४,२२५ | ०.३२२० | ८२,५६७ | (९६,२६७) |
| ११ | २३४,९७९ | १,१८९,२०४ | ०.२८७५ | ६७,५५१ | (२८,७१७) |
| १२ | २३४,३८२ | १,४२३,५८६ | ०.२५६७ | ६०,१६० | ३१,४४३ |
| १३ | २३३,५७३ | १,६५७,१५९ | ०.२२९२ | ५३,५२९ | ८४,९७२ |

| | |
|---|---|
| साधारण लगानी फिर्ता अवधि (Simple Pay Back Period) | ६.२२ बर्ष |
| डिष्काउन्टेड लगानी फिर्ता अवधि (Discounted Pay Back Period) | ११.४३ बर्ष |

८. संगठित संस्था र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्नबमोजिम रहेका छन् ।

(१) साप्सुप खोला साना जलविद्युत आयोजनाबाट वार्षिक ३,९१,६०,८४३ किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ। यसमा वर्षातृका ६ महिनाहरु (जेष्ठ १६ गते देखि मार्ग १५ गते) सम्मका लागी २,६९,८२,२१३ किलोवाट घण्टा र हिउँदका महिनाहरु (मार्ग १६ देखि जेष्ठ १५ गते) सम्मका लागी १,२१,७८,६३० किलोवाट घण्टा निर्धारण गरिएको छ।

(२) विद्युतको खरीद मूल्य वर्षातृका ६ महिनाहरू (जेष्ठ १६ गते देखि मार्ग १५ गते) सम्मका लागि प्रति किलोवाट घण्टा रु. ४/८० र हिउँदका ६ महिनाहरु (मार्ग १६ देखि जेष्ठ १५ गते) सम्मका लागि प्रति किलोवाट घण्टा रु.९/४० पिकिङ घण्टा र रु.८/४० ननपिकिङ घण्टाको लागी तोकिएको छ। यो खरिद दरको लागि व्यापारिक उत्पादन शुरु हुने मिति कायम भएको महिना लगत्तै पछिको महिनालाई आधार वर्ष मानिएको छ। विद्युत खरिद-बिक्री गर्ने निर्धारित आधार वर्षको दरमा प्रतिवर्ष ३ प्रतिशतका दरले ८ पटकको लागि मूल्य वृद्धि दिइने र आठ बर्ष पश्चात COD भएको बर्षलाई आधार बर्ष मानी साबिकको विद्युत खरिद-बिक्री सम्झौताको प्राबधान अनुसार मूल्य बृद्धि समेत गर्दा जुन अबधिमा जुन खरिद दर हुन आउछ सो खरिद दर विद्युत खरिद-बिक्री सम्झौताको अबधिभर लागू हुनेछ।

| अवधि व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरि) | सुख्खा याम (मार्ग १६ देखि जेष्ठ १५ सम्म (रु. प्रति युनिट) ROR | सुख्खा याम (मार्ग १६ देखि जेष्ठ १५ सम्म (रु. प्रति युनिट) PROR | वर्षा याम (जेष्ठ १६ देखि मार्ग १५ सम्म (रु. प्रति युनिट) |
|---|---|---|---|
| पहिलो महिना देखि १२ औं महिना सम्म | ८.४० | ९.४० | ४.८० |
| १३ औं महिना देखि २४ औं महिना सम्म | ८.६५ | ९.६८ | ४.९४ |
| २५ औं महिना देखि ३६ औं महिना सम्म | ८.९१ | ९.९७ | ५.०९ |
| ३७ औं महिना देखि ४८ औं महिना सम्म | ९.१५ | १०.२७ | ५.२५ |
| ४९ औं महिना देखि ६० औं महिना सम्म | ९.४५ | १०.५८ | ५.४० |

| अवधि<br>व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरि) | सुख्खा याम<br>(मार्ग १६ देखि जेष्ठ १५ सम्म (रु. प्रति युनिट) ROR | सुख्खा याम<br>(मार्ग १६ देखि जेष्ठ १५ सम्म (रु. प्रति युनिट) PROR | वर्षा याम<br>(जेष्ठ १६ देखि मार्ग १५ सम्म (रु. प्रति युनिट) |
|---|---|---|---|
| ६१औं महिना देखि ७२ औं महिना सम्म | ९.७४ | १०.९० | ५.५६ |
| ७३ औं महिना देखि ८४ औं महिना सम्म | १०.०३ | ११.२२ | ५.७४ |
| ८५ औं महिना देखि ९६ औं महिना सम्म | १०.३३ | ११.५६ | ५.९० |
| ९७ औं महिना देखि सम्झौता अवधि सम्म | १०.६४ | ११.९१ | ६.०८ |

तर आयोजनाको व्यापारिक उत्पादन शुरु हुन पर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्यबृद्धि दिईने छ :

(क) RCOD को तुलनामा COD ६ महिना भन्दा बढी १८ महिना सम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(ख) RCOD को तुलनामा COD १८ महिना भन्दा बढी ३० महिना सम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(ग) RCOD को तुलनामा COD ३० महिना भन्दा बढी ४२ महिना सम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(घ) RCOD को तुलनामा COD ४२ महिना भन्दा बढी ५४ महिना सम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(ङ) RCOD को तुलनामा COD ५४ महिना भन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिईनेछ।

(३) साप्सुप खोला साना जलबिद्युत आयोजना बाट उत्पादन भएको विद्युत पुराना गाँउ सब-स्टेशनमा मुख्य मिटर र चेक मिटर जडान गरी बिद्युत बिक्रीको युनिट गणना गर्ने व्यवस्था रहेको छ।

(४) प्रत्येक आर्थिक वर्षमा बढीमा शुन्य घण्टा सम्मको विद्युत आपूर्ति नेपाल विद्युत प्राधिकरणले लिन नसकेमा सो बापत भुक्तानी माग नगरिने व्यवस्था छ। सो भन्दा बढी भएमा Take or Pay को दफा लागु हुने व्यवस्था रहेको छ। यस व्यवस्था अनुसार नेपाल विद्युत प्राधिकरणले आयोजनाबाट उत्पादन गरिएको विद्युतशक्ति खरिद गरि नलिएमा पनि भुक्तानी दिनुपर्ने व्यबस्था रहेको छ।

(५) आयोजनाहरुबाट बर्षा याम तथा सुख्खा याम गरि वार्षिक उत्पादन हुने विद्युत सम्बन्धी विवरणः

| | |
|---|---|
| सुख्खा यामको कूल इनर्जी (Kwh) | २,६९,८२,२१३ |
| बर्षा यामको कूल इनर्जी (Kwh) | १,२१,७८,६३० |
| जम्मा वार्षिक इनर्जी (Kwh) | ३,९१,६०,८४३ |

**निर्माणाधिन आयोजनाको अवस्थाः**

आयोजनाको हालको अवस्था : यो प्रस्ताव तयार गर्दा बखत सम्म आयोजनाको साइट सम्पुर्ण भौतिक कार्य सम्पन्न भएतापनि स्वतन्त्र प्राविधिक परामर्शदाता र वित्तिय परामर्शदाताबाट प्रमाणित हुन बाँकी रहेको छ। जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | विवरण | कार्य प्रगति | प्रगति % |
|---|---|---|---|
| १. | **आधारभुत निर्माण कार्य** | | |
| | प्रवेश मार्ग निर्माण | सम्पन्न | १००% |
| | कम्पनी तथा ठेकेदारको आधारभूत सिभिल संरचना निर्माण | सम्पन्न | १००% |
| २. | **सिभिल निर्माण कार्य** | | |
| | बांध, डिसेन्डर, अन्डरस्लुइस तथा इन्टेक गेट संरचनाहरु | सम्पन्न | १००% |
| | हेडरेस टनेल निर्माण | सम्पन्न | १००% |
| | सर्ज टैंक निर्माण | सम्पन्न | १००% |

| क्र.सं. | विवरण | कार्य प्रगति | प्रगति % |
|---|---|---|---|
| | पेनस्टक पाइपको लागि सिभिल निर्माण कार्य | सम्पन्न | १००% |
| | भर्टिकल शाफ्ट निर्माण | सम्पन्न | १००% |
| | विद्युत गृह, कन्ट्रोल रुम तथा टेलरेस | सम्पन्न | ९८% |
| | स्वचयार्ड निर्माण कार्य (Sending end and Receiving end) | सम्पन्न | १००% |
| | विद्युत गृह संरक्षण कार्य | सम्पन्न | १००% |
| ३. | **हाइड्रो मेकानिकल कार्य** | | |
| | पेनस्टक पाइपको उपलब्धि तथा डेलिभरी | सम्पन्न | १००% |
| | सम्पूर्ण गेटको उपलब्धि तथा डेलिभरी | सम्पन्न | १००% |
| | वाइफर्केशन तथा एकपान्सन ज्वाइनको डेलिभर | सम्पन्न | १००% |
| | पेनस्टक पाइप जडान | सम्पन्न | १००% |
| | गेट जडान | सम्पन्न | १००% |
| | वाइफर्केशन तथा ज्वाइन्ट जडान | सम्पन्न | १००% |
| ४. | **इलेक्ट्रोमेकानिकल कार्य** | | |
| | मेशिन तथा उपकरण उपलब्धि तथा डेलिभरी | सम्पन्न | १००% |
| | विद्युत गृह-उपकरण जडान | सम्पन्न | १००% |
| ५. | **प्रसारण लाइन कार्य** | | |
| | सामान उपलब्धि तथा डेलिभरी | सम्पन्न | १००% |
| | टावरको जग निर्माण | सम्पन्न | १००% |
| | टावर जडान कार्य | सम्पन्न | १००% |
| | टावरको लागि जग्गा प्राप्ती तथा प्रसारण लाइनको राइट अफ वे मा पर्ने जग्गाको क्षतिपूर्ती वितरण | सम्पन्न | १००% |
| | प्रसारण लाइन तान्ने कार्य | सम्पन्न | १००% |
| ६. | **जग्गा प्राप्ति** | | |
| | **जम्मा भौतिक प्रगति** | सम्पन्न | १००% |

नोटः आयोजनाको भौतिक निर्माण कार्य सम्पन्न भईसकेको तर स्वतन्त्र परामर्शदाता (Independent Consultants) द्धारा निर्माण सम्पन्न भएको प्रमाणपत्र लिन बाँकी रहेको ले प्रति मेगावाट लागत र आयोजनाको कुल लागतको रकममा घट/वढ हुन सक्ने ।

**कम्पनीको प्रबन्धकपत्रको दफा (४) को उपदफा (१) अनुसार कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छन्ः**

क) जल बिद्युत आयोजनाहरुको अध्ययन अनुसन्धान गरी नेपालका विभिन्न भागमा रहेको नदी, खोलानालाहरुबाट निजी क्षेत्रमा जलविद्युत (Hydropower) को सर्वेक्षण, उत्पादन, प्रशारण र वितरण गर्ने गराउने एवं आवश्यकता अनुसार विद्युत गहृ, प्रशारण तथा वितरण लाईन र अन्य भौतिक संरचनाहरुको निमार्ण तथा मर्मत तथा संचालन गर्ने ।

(ख) विद्युत उर्जाको आवश्यकता अनुसार जलविद्युत बाहेक निजी क्षेत्रमा सौर्य (Solar), वायु (wind), तापीय (Thermal), जैविक शक्ति (Bio-Energy) आदि स्रोतबाट पनि बैकल्पिक उर्जा उत्पादन गरी प्रशारण तथा बिक्री वितरण गर्ने ।

(ग) विद्युत उर्जा र वातावरण विकासको क्षेत्रमा इन्जिनियरिङ्ग परामर्श सेवा प्रदान गर्ने, नयाँ-नयाँ जलविद्युत आयोजनाहरुको सर्बेक्षण, अध्ययन, अनुसन्धान तथा मूल्याकङ्गन गरी प्रतिवेदन तयार गर्ने र जलविद्युत क्षेत्रको विकास प्रबर्द्धन गर्ने/गराउने ।

(घ) जलविद्युत लगायत उर्जा विकास निर्माणको क्षेत्रमा हुने वातावरणीय पक्षलाई मध्यनजर राखी वातावरणको अनुसन्धान र विनासलाई रोकथाम गर्ने उपायहरुको अबलम्बन गर्ने उपायहरुको खोज गरी लागु गर्ने ।

(ङ) साना, मझौला र ठुला जलविद्युत आयोजनासँग समन्वय तथा सहकार्य गरी विद्युत आपूर्ति तथा वितरण गर्ने ।

(च) खानेपानी, शहरी बिकास, भवन, पुल, नाला, सडक, ढल, प्रबेश मार्ग, सुरुङ्गमार्ग, रेल मार्ग लगायत सम्पूर्ण निर्माण संरचनाहरुको पूर्व सम्भाव्यता, बिस्तृत अध्ययन अनुसन्धान तथा निर्माण गर्ने ।

(छ) उर्जा उत्पादन तथा भौतिक निर्माण को क्षेत्रमा वैदेशिक लगानी प्रबर्द्धनको लागी विदेशी कम्पनीहरुसँग आवश्यक सहकार्य गर्ने ।

(ज) उर्जा उत्पादन, वितरण र प्रशारणको निम्ति नेपाल सरकारको स्वमित्वमा रहेका आयोजनाहरुको दीर्घकालीन वा अल्पकालीन रुपमा lease मा लिई संचालन गर्ने गराउने ।

(झ) माथि उल्लेखित उद्देश्य कार्यान्वयन गर्न सहायक कम्पनी वा संयुक्त उपक्रम कम्पनी (Join venture / Special purpose Vehicle–SPV ) को स्थापना गर्ने तथा त्यसमा लगानी गर्ने ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) : यस कम्पनीको कुनै सहायक कम्पनी नरहेको ।**

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :** साना तथा मझौला जलविद्युत आयोजनाको निर्माण, संचालन र ब्यवस्थापन गर्ने ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि :** जलस्रोतबाट जलविद्युत उत्पादन तथा बिक्री बितरण गर्ने ।

(३) **कुनै ब्रान्ड नेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र :** उत्पादित बिद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्ने ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः** भबिष्यमा थप नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन गरी प्रवर्द्धन गर्ने ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :** विद्युत खरीद बिक्री सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री गर्ने ।

(७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :** आयोजनाको उत्पादन क्षमता ६.६ मेगावाट रहेको छ र वार्षिक गिगावाट ३९,१६०.८४३ आवर (GWH) रहेको छ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धिता :** साप्सुप खोलाबाट प्राकृतिक बहावमा आधारित पानी हो ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :** जलविद्युत संरचना र बिद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक ब्यवस्था गरिएको छ ।

(१०) **अनुसन्धान तथा विकाश :** नयाँ आयोजनाहरुको अध्ययन, विश्लेषण एवं विकास कार्य गर्ने योजना रहेको छ ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :**

कोभिड १९ को माहामारीले निम्त्याएको आपूर्ति श्रृंखला अवरोध (Supply Chain Disruption) को कारणबाट संगठित संस्थालाई आवश्यक पर्ने सामानहरुको मुल्य र उपलब्धतामा उतार चढावको कारण RCOD २०७८/६/३१ मा सम्पन्न हुनुपर्नेमा ३ महिना थप गरी २०७८/९/२३ सम्म गरिएको छ ।

कोभिड १९ माहामारीका कारणले कर्मचारी र ठेकेदार तथा कामदारहरुको स्वास्थ्यमा पर्न गएको असरले निमार्ण कार्य ढिला हुनका साथै समयमा निमार्ण सामाग्री उपलब्ध हुन नसकेको कारण आयोजना सम्पन्न हुने अवधि र लागत बढ्न गयो । हालको परिस्थितीमा कोभिड १९ को माहामारीले निमत्याएको आपूर्ति श्रृंखला अवरोध (Supply Chain Disruption) धेरै सामान्यीकरण भईसकेको हुनाले हाल उक्त कारणले कुनै वाधा व्यवधान नरहेको । भविष्यमा पनि आउन सक्ने यस्ता परिस्थितीहरुबाट जोगिन संगठित संस्थाले उचित प्रावधानहरु लागु गरेको छ ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :** उत्पादित सम्पुर्ण विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भएको हुँदा बजारको लागि अन्य समान उद्योगहरु बिच प्रतिस्पर्धा नहुने ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरणः**

उत्पादित सम्पूर्ण विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्ने सम्झौता भएकोले बजारको लागी नेपाल विद्युत प्राधिकरणमा निर्भर रहनु पर्ने ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तैः संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण)ः** जलविद्युत केन्द्रमा जडित उपकरणहरुको Spare Parts को लागि मात्र M/s Mecamidi Hpp India Pvt.Ltd सँग निर्भर रहनु पर्ने ।

**ग.३.ख. सम्पत्तिको विवरण ः**

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्थाः**

आ.व. २०७८/७९ सम्म आषाढ मसान्त सम्मको सम्पत्तिको विवरण ः

**१. सम्पत्तिको विवरण**

| सम्पत्तिको विवरण | कुल सम्पत्ति मुल्य (२०७७/०७८) | थप खरिद/ (बिक्री) (२०७८/०७९) | यस वर्षको कुल ह्रासकट्टी | खुद सम्पत्ति रकम २०७९ साल आषाढ मसान्त सम्म |
|---|---|---|---|---|
| कार्यालयमा लिजहोल्ड खर्च | ४०,४५७,४६०.०० | (४०,४५७,४६०.००) | - | - |
| कार्यालयमा लिजहोल्ड खर्च | ३८३,४३५.९७ | - | ११४,४७३.५७ | ३६४,२६४.१८ |
| कम्प्युटर तथा कार्यालय उपकरण | १,०५९,१७५.८० | - | २,३८२,४९१.४८ | ८४७,३०८.५२ |
| सवारी साधन | ४,१०५,८४५.७६ | (२,४७३,३३३.३३) | ३,१४५,९०९.०६ | १,०४४,६७६.६१ |
| प्लान्ट र मेशिनरी | २४३,९४७.७९ | - | १,६७,८०४.३८ | २०७,३५५.६२ |
| स्वफ्टवर | २,१८४.६७ | - | ३२,७७० | - |
| **जम्मा** | **४६,२५२,०४९.९९** | **(४२,९३०,७९३.३३)** | **५,८४२,६२९.५०** | **२,४६३,६०४.९२** |

**२. अर्मूत सम्पत्तिको विवरण**

| सम्पत्तिको विवरण | कुल सम्पत्ति मुल्य (२०७७/०७८) | थप खरिद/ (बिक्री) (२०७८/०७९) | यस वर्षको कुल ह्रासकट्टी | खुद सम्पत्ति रकम २०७९ साल आषाढ मसान्त सम्म |
|---|---|---|---|---|
| आयोजना सम्पति (३० बर्ष) | - | १,२०४,३४४,६१२.८९ | २०,८९८,११३.७६ | १,१८३,४४६,४९९.१३ |
| आयोजना सम्पति (२९.५० बर्ष) | - | १७५,४३२,३७६.७६ | - | १७५,४३२,३७६.७६ |
| **जम्मा अर्मूत सम्पत्ति** | **-** | **१,३७९,७७६,९८९.६५** | **२०,८९८,११३.७६** | **१,३५८,८७८,८७५.८९** |

माथि उल्लेखित सम्पत्तिहरु कम्पनीको कार्यालय मध्यपुर ठिमी, न.पा. ३, भक्तपुर तथा आयोजना रहेको  कार्यालय खोटाङ जिल्ला, हलेसी, तुवाचुङ, न.पा., वडा नं. - ११ मा चालु अवस्थामा रहेको छन् ।

**(ख) बूँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने ः** आफ्नै सम्पत्ति ।

**(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरणः**

यो परियोजना निर्माण तथा संचालनका लागी आवश्यक ऋण पूँजी जुटाउन परियोजनाका भौतिक संरचनाहरु हिमालयन बैंक लि. र राष्ट्रिय वाणिज्य बैंक लि. को नाममा मोर्टगेज रहेको छ ।

**(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण ः**

कम्पनीको सम्पत्तिहरुको मुल्य परल मोलमा नै राखिएको र पूनर्मुल्याङ्कन गरिएको छैन ।

**(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरणः**

कम्पनीले सम्पुर्ण सम्पतिहरु ऐतिहासिक लागत मुल्यमा र घट्दोह्रास दरमा मुल्यांकन गरेको छ ।

### ग.३.ग. भावी योजना तथा रणनीतिः

**(क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीतीः**

१. कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत क्षेत्रमा एक सक्षम कम्पनीको रुपमा स्थापित गर्नु रहेको छ।

२. नयाँ जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी अन्य जलविद्युत आयोजनाहरु समेत निमार्ण तथा विकास गर्ने।

३. कम्पनीले सरकारी निकायहरुसँग भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने र सो लाई नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरी देशलाई विद्युतमा आत्मनिर्भर बनाई देशलाई सम्वृद्ध बनाउन सहयोग गर्ने।

४. कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा सम्भाव्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यबसायको भविष्यः**

नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा जलविद्युत आयोजनाहरु ROR (Run of the River) प्रकृतीका रहेका छन। जसले गर्दा सुख्खा याममा देसमा माग बमोजिम जलविद्युत आपुर्तिको कमी रहेको हालको पृष्ठ भुमिमा यस जलविद्युत आयोजना PROR (Picking Run of the River ) प्रकृतिमा निमार्ण गर्नुले उर्जा संकटलाई केहि हद् सम्म कम गर्ने र विद्युत उत्पादन हुनु अगावै विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसंग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ। जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके विद्युतको आन्तरिक खपत तथा छिमेकी राष्ट्रमा विद्युतको व्यापारको सम्भावना रहेको हुँदा नयाँ विद्युत आयोजनाहरुमा लगानी विस्तार गर्नका लागि कम्पनीको भविष्य राम्रो रहेको छ। त्यसैले हालको अवस्थामा यस व्यवसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुनसक्ने सम्भावना ज्यादै न्यून रहेको छ। यसर्थ कम्पनीले आफ्नो व्यावसायको निरन्तरताका लागि अगाडि बढाएको जलविद्युत आयोजनाको निर्माण र अन्य आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्य वस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन। नेपालमा जलविद्युत आयोजनामा लगानीको राम्रो सम्भावना रहेको छ।

### ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्थाः

यस कम्पनीको नियमावलीको नियममा भएको व्यवस्था अनुसार महिला र स्वतन्त्र सहित ९ (नौ) जना संचालक समिति गठन गरिएको छ।

| | |
|---|---|
| १) संस्थापक शेयर धनीहरुको प्रतिनिधित्व गर्ने संचालकहरु | ७ (सात) जना |
| २) महिला संचालक | १ (एक) जना |
| ३) सर्वसाधारण शेयरधनीका तर्फबाट निवार्चित संचालक | १ (एक) जना |

**संचालक हुनका लागि लिनुपर्ने न्यूनतम शेयर सख्या तथा संचालकहरुको कार्यकाल :** यस कम्पनीको संचालकको पदमा नियुक्ति हुनको लागी कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्दछ। संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ। तर स्वतन्त्र संचालकको हकमा २ बर्षको कार्यकाल कायम गरिएको छ।

### ग.४. पुंजी संरचना सम्बन्धी जानकारी :

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्ससम्बन्धी विवरणः**

**(१) अधिकृत पूँजी (Authorised Capital):**

कम्पनीको अधिकृत पूँजी रु. ५०,००,००,०००/- (अक्षेरपी पचास करोड रुपैया मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले ५०,००,००० (पचास लाख) थान शेयरमा विभाजन गरिएको छ।

**(२) जारी पूँजी (Issued Capital):**

कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु.४९,२५,००,०००/-(अक्षेरपी उनन्पचास करोड पच्चिस लाख रुपैया मात्र) हुने छ। उक्त पुंजीलाई प्रति शेयर रु. १००/- का दरले ४९,२५,००० (उनन्पचास लाख पच्चीस हजार) थान शेयरमा विभाजन गरिएको छ।

**(३) चुक्ता पूँजी (Paid up Capital):**

कम्पनीको हालको चुक्ता पूँजी रु.३६,९३,७५,०००/-(अक्षेरपी छत्तिस करोड त्रियानबब्बे लाख पचहत्तर हजार मात्र) रहेको छ । सर्वसाधारणको लागि छुट्याइएको रु. १००/- का दरले १२,३१,२५० कित्ता शेयर निष्काशन पश्चात कम्पनीको चुक्ता पूँजी रु.४९,२५,००,०००/-(अक्षेरपी उनन्पचास करोड पच्चिस लाख रुपैयाँ मात्र) हुनेछ।

संस्थाको स्थापना पश्चात् अधिकृत, जारी तथा चुँक्ता पूँजी मा परिवर्तन सम्बन्धी विवरण :

| सि.न. | आर्थिक वर्ष | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी |
|---|---|---|---|---|
| १. | २०७४/२०७५ | रु.१०,००,००,०००/- | रु.१०,००,००,०००/- | ५,५५,००,०००/- |
| २. | २०७५/२०७६ | रु.१०,००,००,०००/- | रु.१०,००,००,०००/- | ५,५५,००,०००/- |
| ३. | २०७६/२०७७ | रु.४५,००,००,०००/- | रु.४५,००,००,०००/- | २४,३०,००,०००/- |
| ४. | २०७७/२०७८ | रु.५०,००,००,०००/- | रु.४९,२५,००,०००/- | रु.३६,९३,७५,०००/- |
| ५. | २०७८/२०७९ | रु.५०,००,००,०००/- | रु.४९,२५,००,०००/- | रु.३६,९३,७५,०००/- |

**(ख) निष्काशनपछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोहि अनुरुप) :**

उद्योग प्रभावित क्षेत्रका बासिन्दा तथा सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुँक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

| समूह | शेयरधनीहरु | शेयर कित्ता | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
**ग.१०.ङ. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :**

**(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया** :

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा वढी संख्यामा शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र बाँडफाँट सम्वन्धी निर्देशिकामा भएको व्यवस्था अनुसार शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्वन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ।

कम्पनीले स्थानिय बासिन्दाहरुलाई खरीद गर्न आह्वान गरेको ४,९२,५००/-कित्ता साधारण शेयर बिक्री नभई बाँकी रहेमा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिम उक्त बाँकी रहेको शेयर सर्वसाधारणहरुलाई निष्काशन गरीने ७,३८,७५०/- कित्ता शेयरमा थप गरि निष्काशन गरिनेछ। सर्वसाधारणलाई थप गरी निष्काशन गर्दा समेत बिक्री हुन नसकेमा बाँकी सम्पुर्ण शेयर प्रत्याभुतीकर्ताले खरिद गर्ने गरी सम्झौता गरीएको छ। यस विवरण पत्र मार्फत सर्वसाधारणलाई निष्काशन गर्न लागीएको १२,३१,२५०/-कित्ता साधारण शेयरमा स्थानियवासीलाई जारी गरीने शेयर बाँकी रहेमा सो कित्ता समेत थप गरी कायम हुन आउने कित्ताबाट नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि १० प्रतिशत, यस थ्रीस्टार हाइड्रोपावर लिमिटेडका कर्मचारीहरुका लागि २ प्रतिशत, र सामूहिक लगानी कोषहरुका लागि ५ प्रतिशत शेयर बाँडफाँट गरी वाँकी शेयर सर्वसाधारणहरुलाई निष्काशन तथा बाँडफाँट गरिनेछ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था :**

सर्वसाधारण तथा उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुको लागि जारी गरिने शेयर वापतको आवेदन लिने कार्य धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (सि आस्बा) मा भएको व्यवस्था बमोजिम सहभागि बैंक तथा तिनका शाखा कार्यालयहरुबाट हुनेछ। उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँट गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँट भएको शेयर वापतको रकम मात्र माग गरी सोही खातामा रोक्का रहेको बाँकी रकम कानुन बमोजिम सहभागि बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईनेछ।

साथै उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुबाट भौतिक रुपमा प्राप्त आवेदनहरुका लागि शेयर बिक्री बन्द भएको मितिले वोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत र अस्वीकृत भएको व्यहोरा सुचना द्वारा जानकारी गराई शेयर बाँडफाँट र रकम फिर्ता भुक्तानी गरिनेछ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदरः**

"धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समय भित्र शेयरको बाँडफाँटपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मिति देखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ।

उपरोक्त व्यवस्था आस्वा सदस्य बैंक तथा वित्तिय संस्थावाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन।

**(घ) धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधीः**

निष्काशन गरिने साधारण शेयर प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा व्यवस्था भए अनुसार बाँडफाँट गरी सूचिकरण भए पश्चात् "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही (डिम्याट) खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ।

**(ङ) धितोपत्र सूचिकरण भईसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** हाल सम्म सूचिकरण भई नसकेको।

**(च) धितोपत्र सूचिकरण भईनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद र बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**

निष्काशन गरिएको साधारण शेयर बाँडफाँट पश्चात धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँट गरी निर्देशिकामा भएको व्यवस्था अनुसार निर्धारित अवधी भित्र दोस्रो वजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेड मा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड मा दर्ता गराई शेयर खरिद/बिक्रीको व्यवस्था मिलाइने छ।

**ग.१०.च. प्रत्याभूति सम्बन्धी विवरण :**

**क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगानाः श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं।

प्रत्याभुत गरिएको कित्ताः कित्ता १२,३१,२५० /-

प्रत्याभुत गरिएको रकमः रु १२,३१,२५,०००/-

प्रत्याभूति सम्झौता हस्ताक्षर मिति :२०७९/१२/२७

प्रत्याभूति सम्झौता बहाल रहने मिति : सम्झौता हस्ताक्षर मिति देखि ४ महिना सम्म।

**ख) धितोपत्र प्रत्याभूतिकर्ता सँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्तासँग मुख्य बुँदाहरु देहाय बमोजिम रहेको छ।

१. प्रत्याभूतिकर्ता प्रचलित कानुन बमोजिम नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त धितोपत्र व्यवसायी भएको हुँदा, कम्पनीले निष्काशन गर्ने शेयर प्रत्याभूति गर्ने गराउन प्रवन्ध गर्न कानूनी र आर्थिक रुपमा सक्षम आधिकारिक संस्था हो भनी उद्घोषण गरेको छ।

२. कम्पनीको शेयर सर्वसाधारणमा निष्काशन गर्न लागेको रु.१००/- अंकित मुल्यको १२,३१,२५० कित्ता शेयरले हुने रु.१२,३१,२५,०००/-(अक्षरेपी बाह्र करोड एकत्तीस लाख पच्चिस हजार मात्र) रकम बराबरको प्रत्याभूति गर्न मंञ्जुर गर्दछ।

३. प्रत्याभूती गरिएको शेयर पूर्ण वा आंशिक रुपमा बिक्री नभएमा कम्पनीले शेयर वापतको रकम माग गरेको वखत प्रत्याभूतीकर्ताले रकम भुक्तानी गरी खरिद गरी लिनेछ। साथै कम्पनीले समेत शेयर वापतको रकम प्राप्त गरे पश्चात उक्त शेयरको स्वामित्व यथासिघ्र प्रत्याभूतिकर्ता लाई हस्तान्तरण गर्नुपर्नेछ।

४ कम्पनीको शेयर सर्वसाधारणमा बिक्री गर्दा सम्पुर्ण शेयरका लागी आवेदन प्राप्त भएमा प्रत्याभुतिकर्ताको दायित्व स्वतः पुरा हुनेछ।

५. प्रत्याभूती गरेको शेयर ग्रहण गर्नु परेमा उक्त शेयरहरु ग्रहण गरेपछी सर्वसाधारण शेयरधनी सरह प्रत्याभूतीकर्तालाई समेत शेयर प्रतिको हक अधिकार प्राप्त हुनेछ।

६. यो सम्झौताको कार्यान्वयन मुलुकी देवानी, २०७४ बमोजिम हुनेछ।

**ग.१०.छ.आवेदन दिदा ध्यान दिनु पर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

यस विवरणपत्र अनुसार निष्काशन गरिएका शेयरको बाँडफाँटमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून अनुसार हुनेछ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, मध्यपुर ठिमी न.पा. वडा नं.०३, चारदोबाटो, भक्तपुर वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक हिमालयन क्यापिटल लिमिटेड, त्रिदेवी मार्ग, ठमेल, काठमाण्डौ मा सर्म्पक राखि हेर्न वा प्राप्त गर्न सकिनेछ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिदा सर्वसाधारणहरुले न्युनतम १० कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ। यदि कुनै दरखास्तवालाले १० कित्ताभन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम ५०,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि आवेदन दिन सकिने छ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**१ स्थानिय वासिन्दाको लागी :**

आयोजना प्रभावित खोटाङ जिल्ला अन्तर्गतका हलेसी तुवाचुङ नगरपालीका, वडा नं १ देखि ११, (साविकको बाहुनीडाँडा, डिकुवा, च्याम्सिटार, बडहरे, दुर्छिम, मंगलटार, महादेवस्थान, धितुङ, सल्ले, अर्खले र राजापानी गा.वि.स) र दिप्रुङ चुईचुम्मा गाउँपालिका, वडा नं. १ देखि ७ (साविकको याम्खा, डाडागाँउ, छोरम्बु, बतासे, सचिता पोखरी, छिता पोखरी र टेम्मा गा.वि.स) का बासिन्दाहरुले यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयर निम्न बमोजिम प्रक्रिया पुरा भएको अवस्थामा शेयर खरीद गर्न आवेदन दिन सक्नेछन्।

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी उद्योग प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ।

२. १६ बर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ।

३. १६ बर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्धारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदन साथ पेश गर्नुपर्नेछ। साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ।

४. विवाह भई आएका महिलाका हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनु पर्नेछ।

५. आयोजना प्रभावित क्षेत्रमा बँसाईंसराई गरि आएको हकमा विवरण पत्र प्रकाशित हुनु भन्दा अगावै बँसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ।

६. माथि उल्लेखित हुन छुटेका आयोजना प्रभावित क्षेत्र वा वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित गा.पा/न.पा. को सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकाश समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र वा कम्पनीको निर्णय बमोजिम हुनेछ।

७. १६ बर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी आयोजना प्रभावित क्षेत्र छोडी अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन।

८. आमा/बाबु बाहेक अन्य व्यक्ति संरक्षक भई नावालक वा विक्षिप्त ब्यक्तिको नाममा दरखास्त दिंदा कानुन बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ।

९. धितोपत्र खरिद गर्नका लागी दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागी दरखास्त बुझाउनु पर्नेछ।

१०. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सवै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ।

११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एउटा मात्र आवेदन गरेको हुनु पर्नेछ। यदि एक व्यक्तिले एउटा भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ।

१२. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ। यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ।

१३. उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन्।

१४. सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ। दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ।

१५. रु.५०,०००/-भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ।

१६. यस विवरण पत्र मार्फत निष्काशन गरिने शेयर प्राप्त गर्ने डिम्याट खाता (DEMAT Account / BOID No.) भएका आवेदकहरुलाई नीजहरुको धितोपत्र अभौतिक रुपमा उपलब्ध गराउने ब्यबस्था भएको हुँदा निजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DEMAT Account/BOID No.) आवेदन फारममा उल्लेख गर्न सक्नेछन्। साथै डिम्याट खाता (DEMAT Account / BOID No.) नभएका स्थानीय बासिन्दाहरुले पनि उक्त शेयरका लागि आवेदन दिन सक्नेछन्।

१७. रु. ५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN.No.) दरखास्त फारममा खुलाउनुपर्नेछ।(यस अतिरिक्त रु. ५,००,०००/- वा सो भन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

१८. साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियवासीहरुले ऐच्छिक रुपमा आस्वा प्रणाली मार्फत आवेदन दिन सक्ने छन्।

**२. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्तगरि विदेशमा बसि रोजगार गरिरहेका नेपालीहरुको हकमाः**

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि विदेशमा बसी रोजगार गरिरहेका कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्नेछन्।

२. आवेदकले सि-आस्वा (C-ASBA) प्रणालीबाट आफ्नो विप्रेशण (रेमिट्यान्स) बचत खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ।

३. दफा २ बमोजिम आवेदकले आफ्नो विप्रेशण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तिमा ने.रु. ५०,०००/- (अक्षरेपी पचास हजार मात्र) आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनुपर्ने छ।

४. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्बा (C-ASBA) रजिष्ट्रेशन फारम भरी CRN नं. लिनुपर्नेछ।

५. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ।

६. आवेदकले CRN नं. प्राप्त गरे पश्चात शेयर खरीदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरीदका लागि आवेदन दिनुपर्नेछ।

७. आवेदकले आवेदन फारममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्बा सफ्ट्वेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरण सँग रुजु हूनु पर्नेछ।

८. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछः

क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना।

ग. खरिद गर्न चाहेको धितोपत्रको संख्या-अंक र अक्षरमा।

घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम-अंक र अक्षरमा।

ङ. आवेदकको विप्रेशण (रेमिट्यान्स) खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं.।

च. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर।

८. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन।

९. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ।

१०. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ।

११. धितोपत्र बाँडफाँट गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनु पर्नेछ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा विप्रेशण (रेमिट्यान्स्) बचत खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ।

१४. शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात बाँडफाँटमा परेका आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ।

१५. वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता र अधिकतम १० अंकले भाग जाने गरी ७३,८७५ (१० प्रतिशतले हुन आउने) कित्ता सम्मका लागि आवेदन दिन सक्नेछन्।

**३. सर्वसाधारणको लागी :**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्नेछन्।

२. आवेदकले सि-आस्वा (C-ASBA) प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ।

३. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्बा (C-ASBA) रजिष्ट्रेशन फारम भरी CRN नं. लिनुपर्नेछ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ।

५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरीदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरीदका लागि आवेदन दिनुपर्नेछ।

६. आवेदकले आवेदन फारममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्बा सफ्ट्वेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरण सँग रुजु हूनु पर्नेछ।

७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्ट सँग आवेदन फारम भरी बुझाउनु पर्नेछः

  क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम।

  ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना।

  ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।

  घ. आवेदक विवाहित भएमा श्रीमान वा श्रीमतीको नाम।

  ङ. खरिद गर्न चाहेको धितोपत्रको संख्या - अंक र अक्षरमा।

  च. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा।

  छ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।

  झ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर।

८. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन।

९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ।

१०. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ।

११. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ।

१२. धितोपत्र बाँडफाँट गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ।

१४. शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात बाँडफाँटमा परेका आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ।

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढी शेयर खरिदका लागि १० अंकले भाग जाने संख्यामा अधिकतम ५०,००० (पचास हजार) कित्तासम्म साधारण शेयर खरिद गर्नका लागि आवेदन दिन सकिनेछ।

**ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण : निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको ब्यक्ति : कारोबार नभएको।

(ख) आधारभूत शेयरधनी : कारोबार नभएका।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवारको सदस्य : कारोबार नभएको ।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : सो नभएको ।

(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : सो नभएको ।

**ग.१२. विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु** : कम्पनीमा विदेशी लगानी र विदेशी व्यबस्थापन नरहेको ।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नु पर्ने :**

**(क) संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या:** निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :** निष्काशनकर्ता कम्पनी सूचीकृत संस्था नभएको ।

**ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण** : सो नभएको ।

**ग.१५. परामर्शदाता/बिशेषज्ञ सम्बन्धी विवरण :**

**(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

**१) लेखापरीक्षकः**

कम्पनीको आ.व.२०७८/७९ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण श्री एन.ए.आर एस एसोसिएट्स चार्टड एकाउण्टेन्टसले गर्नुभएको छ ।

**२) प्रमुख बैंकः** यस निष्काशनको लागि प्रमुख बैंकको ब्यबस्था गरिएको छैन ।

**३) निष्काशन बैंक** (Banker to the Issue):

यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैंकको नाम, ठेगाना |
|---|---|
| १. | श्री हिमालयन बैंक लि., ठमेल, काठमाण्डौं । |
| २. | श्री कुमारी बैंक लि., दरबारमार्ग, काठमाण्डौं । |
| ३. | श्री हिमालयन बैंक लि., ठमेल, काठमाण्डौं । (साविल सिभिल बैंक लि., टोखा, काठमाण्डौं ।) |

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै वोर्डलाई जानकारी दिई अन्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

**४) वित्तीय प्रक्षेपणको वित्तीय विवरण तयार पार्ने विज्ञः**

यस विवरण–पत्रमा उल्लेख गरीएको वित्तीय विवरण तयार पार्ने विज्ञमा श्रीस्टार हाईड्रोपावर लिमिटेड आफै रहेको छ ।

५) **वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञः**

यस विवरण–पत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरू पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने श्री इ.आर. सिग्देल एशोशियट्का चार्टड एकाउण्टेण्ट रहनु भएको छ।

**(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु : सो नभएको।**

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :**

आयोजना सम्पन्न गर्न रु. १३९ करोड लागत लाग्ने अनुमान गरिएको छ। संस्थापक शेयरधनीहरु र सर्वसाधारण शेयरधनीहरुबाट जारी पूँजीको रु.४९.२५ करोड तथा सह-वित्तियकरण कर्जा अर्न्तगत बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण रु.८९.७५ करोड दायित्व प्रयोग गरी आयोजना सम्पन्न गरिनेछ साथै आयोजनाको व्यापारिक उत्पादन भए पस्चात कार्यसिल पुँजीको लागि ४ करोड थप गरिने छ ।

| क्र.सं | बैंक तथा वित्तिय संस्थाको नाम | स्वीकृत कर्जा रकम | कर्जाको भुक्तानीको अवधि | किस्ता रकम | किस्ता भुक्तानीको तरिका | हालको ब्याजदर | हालसम्म भुक्तान गरिएको कर्जा रकम ( रु) | बाँकी कर्जा रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | हिमालयन बैंक लि. | ४९.०० करोड | विद्युत उत्पादन सुरु भएको मितिले १२ वर्ष | ऋण भुक्तानी तालीका अनुसार । | त्रैमासिक (असार, अश्विन, पौष र चैत्र मसान्तमा भुत्तानी गरिने) | ११.५० प्रतिशत | २,९९,८६५ | ४८९,७००,१३५.०० |
| २. | राष्ट्रिय बाणिज्य बैंक लि. | ४४.७५ करोड | विद्युत उत्पादन सुरु भएको मितिले १२ वर्ष | ऋण भुकानी तालीका अनुसार । | त्रैमासिक (असार, अश्विन, पौष र चैत्र मसान्तमा भुत्तानी गरिने) | ९.५ प्रतिशत | १२,०००,१३५ | ४३५,४९९,८६५ |
| **जम्मा ऋण** | | **९३.७५ करोड** | | | | | | **९,२५,२००,०००** |

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणाः**

कम्पनीलाई तात्विक रुपमा असर पार्ने गरी हालसम्म कुनै प्रकारको विवाद, मुद्दा मामिला परेको छैन।

**(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरणः** सो नभएको ।

**(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने :**

मिति २०७६/०५/१३ मा संगठित संस्थाको संस्थापक/संचालक श्री आङ डिमा शेर्पा र श्री पेम्वा छिरिङ लामा कालोसूचीमा समावेश भई मिति २०७६/११/२३ मा कालोसूचीबाट हटेको।

**(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :** सो नभएको।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रक्रिया :**

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागी धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाब प्रेषित गर्न सक्ने छन् ।

**गुनासो सुन्ने अधिकारी :**

नामः राम प्रसाद भट्टराई
इमेलः info@himalayancapital.com
फोन नंः ०१-५३५८३४५

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो ब्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :** हाल कम्पनीले ऋणपत्र निष्काशन गरेको छैन र आवश्यकता अनुसार ऋणपत्र जारी गर्न सकिने छ ।

**ग.२१. अग्राधिकार शेयर निष्काशनसम्बन्धी ब्यवस्था :** हालसम्म अग्राधिकार शेयर जारी गरिएको छैन ।

**ग.२२. अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :**

यस विवरण पत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमानहरु तथा आधारहरु गत आर्थिक वर्षहरुको लेखा परिक्षण भइसकेका वित्तीय विवरणहरु, विद्युत बिक्री सम्झौता, आयोजना समाप्तिको अवधि तथा सोको लागतको अनुमान, आयोजनाका लागि ऋण लिने सम्बन्धमा हिमालयन बैंक लि., र राष्ट्रिय बाणिज्य बैंक लि. बीच भएको सम्झौता एवं हालको जलविद्युत बजारको स्थिति, कम्पनीको हालको दक्षता र कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने चार्टर्ड एकाउण्टेण्ट संस्था श्री इ.आर. सिग्देल एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेण्ट्स, को तर्फबाट चार्टर्ड एकाउण्टेण्ट श्री एकराज सिग्देलले प्रमाणित गर्नु भएको छ ।

**(ख) गत तिन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए सो को कारणः**

गत तिन आर्थिक वर्ष भित्रमा श्री एस.भण्डारी एण्ड एशोसिएट्स, चार्टर्ड एकाउन्टेण्ट्स, लेखापरीक्षक परिवर्तन भएको । लगातार तिन आर्थिक बर्ष लेखापरीक्षण गरेको कारणले लिमिटेड कम्पनीको नियम अनुसार आ.व. २०७७/०७८ परिवर्तन गरिएको र आ.व. २०७७।०७८ को साधारण सभा बाट महिला संचालक र विज्ञ तथा स्वतन्त्र संचालक थप भएको।

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

कम्पनी सचिवको नामः श्री कर्मराज तामाङ्ग
ठेगानाः मध्यपुर ठिमि न.पा.- १४, भक्तपुर ।
योग्यताः बाणिज्य संकायमा स्नातक ।

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णयसम्बन्धी विवरण :**

कम्पनीको मिति २०७८/०४/०३ गते बसेका संचालक समितिको बैठकबाट तथा मिति २०७८/०९/२० मा सम्पन्न बार्षिक साधारण सभाबाट सर्वसाधारणको लागि छुट्टाइएको रु.१००/- अंकित दरको १२,३१,२५० कित्ता शेयर निष्काशन गर्ने निर्णय गरिएको छ । कम्पनीको संचालक समितिको बैठकको निर्णय अनुसार रु.१००/- अंकित दरको १२,३१,२५० कित्ता साधारण शेयर मध्ये रु.१००/- अंकित दरको ४,९२,५०० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात खोटाङ जिल्लाको हलेसी तुवाचुङ नगरपालीका, वडा नं १ देखि ११, (साविकको बाहुनीडाँडा, डिकुवा, च्याम्सिटार, बडहरे, दुर्छिम, मंगलटार, महादेवस्थान, धितुङ, सल्ले, अर्खले र राजापानी गा.वि.स) र दिप्रुङ चुईचुम्मा गाउँपालिका, वडा नं. १ देखि ७ (साविकको याम्खा, डाडागाँउ, छोरम्बु, बतासे, सचिता पोखरी, छिता पोखरी र टेम्मा गा.वि.स) का बासिन्दाहरुलाई निष्काशन गरिने र बाँकी ७,३८,७५० कित्ता शेयर सर्वसाधारणहरुको लागि निष्काशन गरिने गरि छुट्टाइएको छ ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :**

यो आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष सम्म आयकर छुट तथा सो पश्चात् ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्रदान गरिएको छ ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफानोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ।

१. कम्पनीको रजिष्टर्ड कार्यालय भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा. वडा नं.३, चारदोबाटो, भक्तपुर।
२. हिमालयन क्यापिटल लिमिटेड, त्रिदेवी मार्ग, ठमेल, काठमाण्डौ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन। भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ।

**(ज) शेयरवाला, कर्मचारी वा अरू कसैका लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

(१) यस विवरणपत्र मार्फत निष्काशन गरिने १२,३१,२५० कित्ता साधारण शेयर मध्ये जारी पूँजीको १० प्रतिशत अर्थात ४,९२,५०० कित्ता आयोजना प्रभावित क्षेत्र खोटाङ जिल्ला हलेसी तुवाचुङ नगरपालीका, वडा नं १ देखि ११, ( साविकको बाहुनीडाँडा, डिकुवा, च्याम्सिटार, बडहरे, दुर्छिम, मंगलटार, महादेवस्थान, धितुङ, सल्ले, अर्खले र राजापानी गा.वि.स) र दिप्रुङ चुईचुम्मा गाउँपालिका, वडा नं. १ देखि ७ (साविकको याम्खा, डाडागाँउ, छोरम्बु, बतासे, सचिता पोखरी, छिता पोखरी र टेम्मा गा.वि.स) का बासिन्दाहरुको लागि निष्काशन गरिनेछ।

(२) यस विवरणपत्र मार्फत निष्काशन गरिने १२,३१,२५० कित्ता साधारण शेयर मध्ये जारी पूँजीको १५ प्रतिशत अर्थात ७,३८,७५० कित्ता (नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि १० प्रतिशत अर्थात ७३,८७५ कित्ता, कर्मचारीहरुलाई २% अर्थात १४,७७५ कित्ता तथा सामूहिक लगानी कोषहरुलाई ५% अर्थात ३६,९३८ कित्ता समेत) सर्वसाधारणहरुमा निष्काशन गरिनेछ।

(३) यस विवरणपत्र मार्फत स्थानीय बासिन्दाहरुलाई निष्काशन गरिने साधारण शेयर सबै बिक्री हुन नसकी बाँकी रहेमा त्यस्तो बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुलाई थप गरी बिक्री गर्न सकिनेछ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरू, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यवसायसंग सम्बन्धित अन्य ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्णरुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र आ.व. २०७७/०७८ सम्मको वार्षिक साधारण सभा सम्पन्न गरि कम्पनी अध्यावधिक गरिएको छ। यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरू समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि आयोजना प्रभावित क्षेत्रका आवेदकहरुको हकमा आयोजना प्रभावित क्षेत्र खोटाङ जिल्लामा कम्तीमा ४ स्थान तथा वढीमा आवश्यकता अनुसार संकलन केन्द्रको व्यवस्था गरी आवदेन फारम तथा विवरणपत्र वितरण र आवेदन फारम सहित दरखास्त रकम बुझिलिने ब्यबस्था गरिनेछ तथा आयोजना प्रभावित क्षेत्रका आवेदकहरु बाहेक सर्वसाधारणको लागि छुट्टयाइएको शेयर आवेदनका लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त सि-आस्वा सेवामा सहभागि बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरु मार्फत संकलन गरिनेछ।

**(ट) क्रेडिट रेटिङ्ग सम्वन्धी विवरण :**

यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युर रेटिङ्ग गराउनुपर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट इस्युर रेटिङ्ग गराई मिति २०७९ श्रावण ३१ गते (**August 16, 2022**) **"[ICRANP-IR] B–" (pronounced ICRA NP Issuer Rating B Minus)"** प्रमाणपत्र प्राप्त गरेको छ। **"[ICRANP-IR] B–"** ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा उच्च जोखिम रहेको **(High risk of default regarding timely servicing of financial obligations)** भन्ने जनाउंछ। ईक्रा नेपाल लिमिटेडले **[ICRANP -IR] AAA** देखि **[ICRANP -IR] D** सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड **"ICRANP-IR AAA"** ले **Highest degree of Safety Regarding Timely Servicing of Financial Obligation** जनाउँछ भन्ने **"ICRANP-IR D"** ले **Default or are Expected to be in Default soon** भन्ने जनाउँछ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यो विवरणपत्र तयार गर्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री-प्रवन्धक श्री हिमालयन क्यापिटल लिमिटेड, त्रिदेवी मार्ग, ठमेल, काठमाण्डौं रहेको छ।

**(ड) सकारात्मक पक्षहरू :**

१. आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष सम्म आयकर छुट तथा सो पश्चात् ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको छ।

२. साप्सुप खोला साना जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बिमा गरिएको छ।

३. कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको छ।

४. जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको छ।

**(ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको नामसारी, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको संचालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ।

**(ण) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्र मार्फत् प्रथम चरणमा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुमा निष्काशन गरिने साधारण शेयरको लागि आबेदन दिने अवधि कम्तीमा १५ (पन्ध्र) दिन र बढीमा ३० (तीस) दिन हुनेछ। उक्त अवधिमा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि निष्काशन गरेको शेयर पुरा बिक्री नभएमा उक्त बिक्री नभएको शेयर समेत थप गरी दोश्रो चरणमा सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्य दिनको लागि खुल्ला गरिनेछ। सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आबेदन गर्न पाउनेगरी दोश्रो चरणको दरखास्त खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ। आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४ (चार) कार्य दिनभन्दा अगाडि शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन।

**ग.२३. संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**

यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठिक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पुर्ण रुपमा जिम्मेवार हुनेछौ भनि सही छाप गर्ने कम्पनीको संचालक हरुको नाम तथा दस्तखत :

| क्र.सं | संचालकको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | कुमार खरेल | अध्यक्ष | |
| २. | आङ डिमा शेर्पा | संचालक | |
| ३. | उद्धवराज शिवाकोटी | संचालक | |
| ४. | जेन लामा | संचालक | |
| ५. | आङ छिरिङ लामा (शेर्पा) | संचालक | |
| ६. | धन बहादुर श्रेष्ठ | संचालक | |
| ७. | सुवर्ण शाक्य | संचालक | |
| ८. | विश्व श्रेष्ठ | संचालक | |
| ९. | दुर्गा देवि ढकाल | संचालक | |

ग.२४ निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

Himalayan Capital
A wholly owned subsidiary of Himalayan Bank Limited

**निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट)**

**मिति : २०७९/०८/१३**

**श्री नेपाल धितोपत्र बोर्ड,**

**खुमलटार, ललितपुर ।**

**विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।**

**महोदय,,**

भक्तपुर जिल्ला, मध्यपुर थिमी नगरपालिका वार्ड नं. ३, भक्तपुरमा केन्द्रीय कार्यालय रहेको श्रीस्टार हाइड्रोपावर लिमिटेडले सार्वजनिक निष्काशन गर्न लागेको रु.१००/- अङ्कित दरका १२,३१,२५० थान साधारण शेयरहरु निष्काशन तथा बिक्री प्रबन्धकको रूपमा सेवा दिन हामी मन्जुर गर्दछौं । साधारण शेयर निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको विवरण-पत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरूलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. प्रचलित धितोपत्र कारोवार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरू प्रमाणित गरी तहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो बिचारमा कम्पनीद्वारा निष्काशन गर्न लागेको धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य रहेको देखिन्छ ।

४. कम्पनीले निष्काशन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरण-पत्र तथा दरखास्त फारम सरल तरिकाबाट बितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।

५. हामीले बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा उल्लेख गरिएका सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसँग अनुरूप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

हिमालयन क्यापिटल लिमिटेडको तर्फबाट

नाम : परमेश्वर पन्त

पद: प्रमुख कार्यकारी अधिकृत

सही : ..................

कार्यालयको छाप :

हिमालयन क्यापिटल लिमिटेड काठमाडौं

PO Box: 4518, Tridevi Marga, Thamel

ग.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

**E. R. Sigdel & Associates**
CHARTERED ACCOUNTANTS

G.P.O. Box: 19614 ✆ 977-1-5093490
J -14, Balkumari Colony, Madhyapur Thimi - 4
Bhaktapur, Bagmati Province, Nepal
ersigdel@yahoo.com / ersigdel@gmail.com
ICAN-M. # 418, COP # 384, VAT # 100331480

To,
The Board of Directors,
Three Star Hydropower Ltd.
Chardobato, Madhyapur Thimi – 03, Bhaktapur, Bagmati Province, Nepal.

Sub: Assurance on Projected Financial Statements of Three Star Hydropower Ltd.

Dear Sir/ Madam,

We have examined the accompanying projected Statement of Financial Position, Statement of Profit or Loss, Statement of Cash flow and annexures thereto of Three Star Hydropower Limited (Sapsup Khola Hydropower Project- 6,600 kW) for the period from Financial Year - 2079/080 to F/Y - 2081/082 (3 Financial Years) in accordance with the Nepal Standard on Assurance Engagements applicable to the examination of prospective financial information. The report has been prepared on the basis of the audited financial statements of F/Y - 2078/079.

The accompanying projection has been prepared as per the regulatory requirements of Securities Exchange Board of Nepal (SEBON) for the purpose of Initial Public Offerings (IPOs) Issuance of Shares to the general public including local people of affected areas. Management is responsible for the projection including the assumptions set out in the annexure on which it is based.

Our responsibility is to examine the evidence supporting the assumption (excluding the hypothetical assumption) and other information in the prospective financial information. Our responsibility does not include verification of the accuracy of the projections.

The projection has been prepared using a set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, users are cautioned that this projection may not be appropriate for purposes other than the described above.

Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection. Further, in our opinion the projection is properly prepared on the basis of assumptions and is presented in accordance with Nepal Financial Reporting Standards (NFRS).

UDIN Number: 221130CA00418MDKgh

Sincerely,

E. R. Sigdel & Associates, Madhyapur Thimi - 4, Bhaktapur, Bagmati Province, Nepal, Chartered Accountants

...................
**CA. Eka Raj Sigdel**, Proprietor
E. R. Sigdel & Associates
Chartered Accountants

ICAN Firm Regd No. 444, M. No. 418 & COP No. 384

Date : 14th Manshir, 2079
Place: Madhyapur Thimi - 4, Bhaktapur, Bagmati Province, Nepal.